# गण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भुम्लिचोक, गोरखा
# बार्षिक योजना तथा बजेट तर्जुमाका चरणहरु
## बार्षिक योजना तथा बजेट तर्जुमाका चरण, प्रमुख कार्य, जिम्मेवारी र समयसीमा

| चरणहरू | मुख्य कार्यहरू | मुख्य जिम्मेवारी | समय सीमा |
|---|---|---|---|
| चरण १: बजेटको पूर्व तयारी | १. विषय क्षेत्रसँग सम्वन्धित सूचना संकलन र विश्लेषण गरि स्थितिपत्र अद्यावधिक गर्ने | विषयगत शाखा | मंसिर मसान्तभित्र |
| | २. आगामी तीन आ.व.मा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना समेत कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने | विषयगत शाखा, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति | पुस १५ गतेभित्र |
| | ३. आगामी आ.व.को राजश्व (आन्तरिक स्रोत, राजस्व बाँडफाँड, रोयल्टी, अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने | राजश्व परामर्श र श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | पुस १५ गतेभित्र |
| | ४. आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेश गर्ने | राजस्व तथा आर्थिक प्रसाशन शाखा | पुस मसान्तसम्म |
| | ५. विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यहरुलाई जिम्मेवारी दिने | कार्यपालिका | माघ मसान्तभित्र |
| चरण २ : स्रोत अनुमान र कुल वजेट सीमा निर्धारण | ६. संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँड र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने | प्रमुख प्रशासकीय अधिकृत | संघबाट फागुन मसान्त र प्रदेशबाट चैत्र मसान्तभित्र |
| | ७. गैसस, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा वजेट सम्वन्धमा पुर्व वजेट छलफल गर्ने | प्रमुख/अध्यक्ष | चैत्र मसान्तभित्र |
| | ८. नीति तथा कार्यक्रम तयार गरी प्रमुख/अध्यक्षद्वारा सभामा पेश गर्ने | प्रमुख/अध्यक्ष | वैशाख ७ गतेभित्र |
| | ९. वजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | वैशाख ७ गतेभित्र |
| | १०. कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | वैशाख १० गतेभित्र |
| | ११. विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने | प्रमुख प्रशासकीय अधिकृत | वैशाख १५ गतेभित्र |
| चरण ३ : वस्ती/ टोल स्तरवाट योजना छनौट | १२. वस्ती/टोल वैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने | वडा समिति | वैशाख मसान्तभित्र |
| | १३. वस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने | वडा समिति र समितिका तोकिएका सदस्य | वैशाख मसान्तभित्र |
| चरण ४ : वडा स्तरिय योजना प्राथमिकता निर्धारण | १४. वस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्र अनुसार छुट्याउने | वडा समिति तथा कार्यालय | जेष्ठ १० गतेभित्र |
| | १५. वडाको वजेट सिमाभित्रका र अन्य महत्वपुर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरि वजेट तथा कार्यक्रम तर्जमा समितिमा पेश गर्ने | वडा समिति तथा कार्यालय | जेष्ठ १० गतेभित्र |
| चरण ५ : एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा | १६. विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | विषयगत शाखा | जेठ १५ गतेभित्र |
| | १७. विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतिकरण गर्ने | विषयगत समिति | जेठ २५ गतेभित्र |
| | १८. बजेट (राजश्व, ब्यय तथा वित्तिय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | जेठ मसान्तभित्र |
| | १९. गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | असार ५ गतेभित्र |
| | २०. आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | असार ५ गतेभित्र |
| | २१. विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | असार ५ गतेभित्र |
| चरण ६ : कार्यपालिकाबाट स्वीकृती र सभामा पेश | २२. वजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने | कार्यपालिका | असार १० गतेभित्र |
| चरण ७ : सभाबाट स्वीकृती | २३. वजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | गाउँ/नगर सभा | असार मसान्त भित्र |
| | वजेट पुस्तिका तयारी तथा छपाई गर्ने | प्रमुख प्रशासकीय अधिकृत | श्रावण १५ गतेभित्र |